# देशलाई लोडसेडिङ्ग मुक्त गराउने अभियानमासहयोग गर्न नेपाल विद्युत प्राधिकरणको अनुरोध

नेपाल विद्युत प्राधिकरण लोडसेडिङ्ग न्यूनिकरण गर्दै ग्राहकवर्गहरुमा नियमित विद्युत आपूर्ति हुने गरि आपूर्ति र माग व्यवस्थापन गर्न प्रयासरत छ। बढ्दो चिसो तथा सुख्खायामको कारण नदिहरुमा पानीको बहाव कम हुन गई विद्युत उत्पादनमा कमि हुने भएकोले विद्युतको माग व्यवस्थापनको लागि तपसिल अनुसारको कार्य गरी/गराई देशलाई लोडसेडिङ्ग मुक्त गराउने ने.वि.प्रा.को अभियानमा सहयोग पुर्‍याई दिनुहुन सम्पूर्ण ग्राहक महानुभावहरुमा नेपाल विद्युत प्राधिकरण हार्दिक अनुरोध गर्दछ।

१.अन्य बल्बहरुको तुलनामा वढी आयु र प्रकाश दिने लेड (LED) बल्ब प्रयोग गरेमा विद्युत खपत कम हुने र दिर्घकालिन रुपमा अन्य बल्बको तुलनामा सस्तो पर्न जाने भएकाले लेड (LED) बल्बको प्रयोग गर्ने तथा **पिक लोड समय (बिहानः ६-९ र बेलुका ४-८:३० बजे)** मा निम्न बमोजिमका उपकरणहरु प्रयोग नगरिदिनु हुन:

**आइरन, रुम हिटर, इमर्सन हिटर, पानी तान्ने पम्प, एयर कण्डिसनर, इलेक्ट्रिक गिजर, वाशिङ्ग मेशिन।**

- रुम हिटर, इमर्सन हिटर, एयर कन्डिस्नर, इलेक्ट्रिक गिजर लगायतका बढी विद्युत खपत गर्ने उपकरणहरु सम्भव भए सम्म पिक लोडका अतिरिक्त अन्य समयमा समेत प्रयोग नगरिदिनु हुन।
- **कम विद्युत खपत गर्ने** (Energy Star Label **भएका**) विद्युतीय उपकरणहरु प्रयोग गरिदिनु हुन।
- कोठामा मान्छे नहुँदा बत्ति लगायतका विद्युतीय उपकरणहरु स्वचालित रुपमा बन्द हुने **मास्टर कि स्वीच** (Master Key Switch) को प्रयोग गर्ने व्यवस्था मिलाउनु हुन।
- आवश्यक नभएको अवस्थामा सम्पूर्ण विद्युतीय उपकरणहरुको **स्वीच अफ** गरिदिनु हुन।

२. पिक लोड समय साँझ (४:३०-८:३० बजे) साना/ठूला सम्पूर्ण **उद्योग नचलाउने,** उद्योगहरुमा **ऊर्जा परिक्षण** (Energy Audit) गराई उपलब्ध विद्युत शक्तिको अधिकतम (Optimum) उपयोग गर्ने, उद्योगमा **क्यापासिटर बैंक** अनिवार्यरुपमा जडान गर्ने व्यवस्था मिलाउनु हुन।

३. कार्यालय तथा उद्योग परिसर एवं सडकमा **कम विद्युत खपत गर्ने** लेड बल्ब (LED Bulb) प्रयोग गर्न र सो को लागि दिनमा निभ्ने गरी स्वचालित स्वीच (Photo Voltaic Switch) को प्रयोग अनिवार्यरुपमा गर्न, जथाभावी बत्ती नबाल्न र सौर्य सडकबत्ती प्रयोग गर्नु हुन।

४. **विद्युत चुहावट** भए/गरेको पाईएमा सोको सूचना ने.वि.प्रा.को नजिकको कार्यालयमा दिई सहयोग गरिदिनु हुन अनुरोध छ।